स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




'नुमाफुङ' निर्देशक नवीन सुब्बाको कमब्याक फिल्म 'गाउँ आएको बाटो'को प्रदर्शन मिति हेरफेर गरिएको छ । पूर्वघोषित मिति जेठ १८ गतेबाट पोस्टपोन्ड भएर फिल्म एक हप्ता पछाडि सरेको छ । अब यो फिल्म जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउनेछ । यो मितिमा फिल्मलाई एकल रिलिजको अवसर भने मिल्ने छैन । किनकि, यसअघि नै फिल्म 'लण्डन टू पेरिस'ले जेठ २५ गतेलाई 'बुक' गरिसकेको छ । यद्यपि, दुवै फिल्म फरक विषयमा बनेका छन् । अभिनेता दयाहाङ राई, अभिनेत्री पशुपति राई र बाल कलाकार प्रशान राई मुख्य भूमिकामा छन् ।

आजको विचार...



प्रमेश पोखरेल

हाम्रो...
(दुई पेजमा)



फिल्म 'महाजात्रा'को सफलतापछि अभिनेता विपिन कार्की आफ्नो आगामी फिल्म 'तेल भिसा'को छायांकनका लागि अमेरिका पुगेका छन् । अमेरिका ओर्लिएका उनलाई फिल्मकी अभिनेत्री ऋचा घिमिरेले स्वागत गरेकी थिइन् । विपिनको यो पहिलो अमेरिका यात्रा हो । उनको साथमा फिल्मका निर्देशक शंकर घिमिरे र चिफ एडी (असिस्टेन्ट डिरेक्टर) मछिन्द्र योङगा पनि अमेरिका पुगेका छन् । यही बैशाख २५ गतेबाट अमेरिकामा छायांकन हुन लागेको फिल्ममा गौरी मल्ल र वर्षा राउतको पनि मुख्य भूमिका रहनेछ । उनीहरु भने आगामी साता अमेरिका पुग्ने जनाइएको छ ।


❒ वर्ष २९ ❒अंक २६८ ❒ २०८१ वैशाख १६ गते आइतबार 28 April 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### विश्व कार्यसुरक्षा र स्वास्थ्य दिवस मनाइँदै

**पाल्पा,** वैशाख १५/आज विश्व कार्य सुरक्षा तथा स्वास्थ्यका लागि विश्व दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष अप्रिल २८ तारिखमा मनाइने यो दिवस नेपालमा पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को संयुक्त आयोजनामा विभिन्न तालिम र जनचेतामूलक कार्यक्रम गरी मनाइँदैछ ।

नेपालमा सरकारले २०५२ सालमा 'व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना'को स्थापना गरेको थियो । यस आयोजनालाई नेपाल (मन्त्रिपरिषद्) को २०७५ सालको निर्णयानुसार व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको रूपमा रहने गरी २०७५ साउन १ गतेदेखि स्थायी सङ्गठन संरचना स्वीकृत भएको थियो । श्रमिकले अझै पनि कार्यस्थलमा सुरक्षित महसुस गर्न सकेका छैनन् । कार्यस्थल वरपरका समुदाय तथा वातावरणमा पर्न सक्ने प्रभावलाई दृष्टिगत गर्दै कार्यस्थलभित्र वा कार्यस्थलबाट कामदारको स्वास्थ्य तथा कल्याणमा उत्पन्न हुने सक्ने जोखिमको पूर्वाअनुमान, पहिचान, मूल्याङकन तथा जोखिम नियन्त्रण गर्ने विज्ञानलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हो । सन् २००३ देखि सुरक्षित, स्वस्थ्य र सभ्य कामलाई बढावा दिन यो दिवस मनाइँदै आएको छ ।

## कानुन निर्माणसम्बन्धी पाल्पाका स्थानीय तहसँग छलफल

# स्थानीय सरकार र प्रदेशसभाबीच कानुन निर्माणमा सहकार्य गर्छौं : सभामुख घर्ती

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख १५/लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ती मगरले स्थानीय तह र प्रदेशसभाबीच कानुन निमार्णमा सहकार्य गरेर अगाडि बढ्ने बताएका छन् । प्रदेशसभाले शनिबार तानसेनमा आयोजना गरेको पाल्पाका स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीसँग कानुन निर्माण तथा सभा सञ्चालनसम्बन्धी अन्तर्क्रियापछि पत्रकार सम्मेलनमा बोल्दै उनले कानुन निर्माणमा स्थानीय र प्रदेशसभाबिच सहकार्य गरेर जाने बताएका हुन् ।

सभामुख घर्तीले ऐन कानुन निर्माण गर्दा प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउँदै समन्वय अभावमा ऐन बाझिने र कार्यान्वयनमा समेत कठिनाई हुने हुँदा सहकार्य गरेर जानुको विकल्प नरहेको धारणा व्यक्त गरे । उनले भने,'कतिपय अवस्थामा स्थानीय सरकारले निर्माण गरेका कानुन प्रदेश सरकारलाई थाहा छैन, प्रदेश सरकारले बनाएका कानुन स्थानीय




सरकारलाई थाहा छैन, कतिपय आवश्यक कानुन नै नबन्दा समस्या छ, यस्तो अवस्थामा सहकार्य गर्नुपर्छ ।' सभामुख घर्तीले स्थानीय सरकारले निर्माण गरेका कानुन प्रदेश सभामा पठाउन र प्रदेशले निर्माण गरेका कानुनमा कहि कतै गाह्रो परेमा जानकारी गराउन स्थानीय सरकारलाई निर्देशन समेत दिएको बताए । उनले स्थानीय तहका कर्मचारीहरुलाई कानुन निर्माण नहुँदा समस्या भएको उल्लेख गर्दै छिट्टै नै नीजामति कर्मचारी ऐन ल्याएर कार्यन्वयन गरिने उल्लेख गरे । सभामुख घर्तीले प्रदेशमा कानुन निर्माण गरिए पनि संघीय नियमावली नबन्दा समस्या भएको बताए । उनले भने,'प्रहरी ऐन, नीजामति कर्मचारी ऐन, शिक्षा ऐन, भूमि ऐन ल्याउँदा मात्रै पनि अहिले धेरै समस्या समाधान हुन्छ ।' प्रदेश सरकारले अहिले ७६ वटा ऐन बनाएर कार्यान्वयनमा रहेको र थप कानुन निर्माणको चरणमा रहेको सभामुख घर्तीले उल्लेख गरे । उनले भने,'धमाधम कानुन निर्माण भए पनि नियमावली कम बनेका छन् , यसले कार्यान्वयनमा समस्या भएको छ ।' सभामुख घर्तीले स्थानीय सरकार बलियो भए मात्र संघीयता संस्थागत हुने बताए । उनले प्रदेश सरकारले बनाएर पठाएका सभा सञ्चालन सम्बन्धी कानुनहरु स्थानीय सरकारलाई नै थाहा नभएको बताए । सभामुख घर्तीले भने, 'सभा ऐन अनुसार स्थानीय सरकारले सभा सञ्चालन गरेकै छैनन् । यसले संघीयता माथि नै प्रश्न खडा गरेको छ ।

यसका लागि अब हामीले सभा सञ्चालन सम्बन्धि प्रशिक्षण दिने योजना बनाएका छौं ।' कानुन निर्माणसम्बन्धी प्रदेश सभाले यहाँका १० वटै स्थानीय सरकारसँग छलफल गरेको छ । स्थानीय तह र प्रदेश सरकारले बनाउने कानुनबीच तारतम्यता नमिल्दा कार्यान्वयमा समस्या आएकाले स्थानीय तहहरूमा उक्त कार्यक्रम सञ्चालन गरिएको सभामुख घर्तीले जानकारी दिए । 'तीन तहका सरकारमध्ये प्रदेश सरकार नितान्त नयाँ हो । संघीयता आउनुअघि पनि केन्द्र र स्थानीय तहबाट काम भएका थिए । प्रदेश सरकार भने नयाँ भएकाले स्थानीय तहसँग समन्वय, सहकार्य र सहजीकरण आवश्यक भएकाले यो नयाँ कार्यक्रम सञ्चालन गरिएको हो ।' छलफलपछि प्रदेश सचिवालयले पत्रकार भेटघाट कार्यक्रम गरेको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, संघका पूर्व अध्यक्ष भगवान भण्डारी, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, पत्रकार महासंघ पाल्पाका पूर्व सचिव किरण कौसल, महासंघका सदस्य कृष्ण पोखरेल लगायतले कानुन निर्माण सम्बन्धि जिज्ञासा र सुझाव राखेका थिए । सभामुखका प्रेस संयोजक रुद्रहरी कुंवरको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रदेश सभाले प्रदेशका १२ वटै जिल्लामा कानुन निर्माण र कार्यान्वयका विषयमा सुझाव संकलन गर्दै आएको छ ।

## 'जनजिविकाका सवालमा काँग्रेस प्रतिवद्ध छ'




**पाल्पा,** वैशाख १५/नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्तले जनजिविकाका सवालमा काँग्रेस प्रतिवद्ध रहेको बताएका छन् ।

नेपाली काँग्रेस पाल्पाको नयाँ वर्ष २०८१ सालको भित्तेपात्रो विमोचन गर्दै प्रमुख अतिथि समेत रहेका पन्तले विगतदेखि नै काँग्रेसले जनजिविकाका सवाललाई प्राथमिकताका साथ उठाउँदै आएको र नयाँ सालको नयाँ उमङ्गसँगै थप सशक्त ढंगले ति सवालहरुलाई उठाउदै जाने कुरामा समेत प्रतिवद्ध रहने बताएका हुन् । उनले भने,'नेपाली काँग्रेसले आगामी दिनमा राष्ट्रियताका सवालमा सैवधानिक निकायलाई सशक्त बनाउनेदेखि नागरिकहरूका जनजिविकाका सवालमा सशक्त रूपमा आवाज उठाउन्छ ।' नेता पन्तले पछिल्लो समय पानीका फोका जस्ता केही राजनीति दलहरूको उदय भएको भन्दै ती दलका न सिद्धान्त, न विचार नै केही पनि स्पष्ट नरहेको उल्लेख गरे । उनले यस्ता दलहरू निश्चित समयपछि पानीको फोका सरि फुटेर जाने बताए । नेपाली काँग्रेस पुरानो इतिहास बोकेको पाटी रहेकाले जनताको महोभावनालाई बुझि फुटेर नभई जुटेर मुलुक निर्माण लाग्नुपर्नेमा जोड दिए ।


-...बाँकी अन्तिम पेजमा


## सात बुँदे पाल्पा घोषणापत्र जारी गर्दै सकियो सभामुख, उपसभामुखको भेला

**पाल्पा,** वैशाख १५/संसद र संसदीय समितिको भूमिकालाई प्रभावकारी बनाउन संघीय संसद र प्रदेशसभाहरु बिच आवश्यक सहकार्य गर्ने लगायत सात बुँदे पाल्पा घोषण पत्र जारी गर्दै लुम्बिनी प्रदेश सभाले आयोजना गरेको संघीय संसद् र प्रदेश सभा तथा सचिवालयबीच अन्तर व्यवस्थापिका भेला सकिएको छ । वैशाख १३, १४ र १५ गते पाल्पाको तानसेनमा भएको संघ तथा ७ वटै प्रदेशका सभामुख, उपसभामुख तथा सचिवहरुको भेला पाल्पा घोषणपत्र जारी गर्दै शनिबार सकिएको हो ।



भेलाले संसद र संसदीय समितिको भूमिकालाई प्रभावकारी बनाउन संसदबाट निर्मित कानूनहरूको उत्तर विधायिकी परीक्षण हुनु पर्ने ,सोको लागि संघीय संसदले उत्तर विधायिकी परीक्षणका लागि प्रदेश सभाका समिति र सचिवालयका जनशक्तिलाई क्षमता अभिवृद्धिमा सहयोग र सहजिकरण गर्न संघीय संसद र प्रदेश सभाहरू बिचमा आवश्यक सहकार्य गर्ने निर्णय गरेको छ । सो कार्यका लागि आवश्यक कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सबै प्रदेश सभा सचिवालयले संघीय संसद सचिवालय र सबै प्रदेश सभा सचिवालयका बिच एक आपसमा सहयोग सूचना तथा ज्ञानको आदान प्रदान गर्ने र प्रदेश सभाले आफ्नो नियमावलीमा उत्तर विधायिकी परीक्षणको विषयलाई राख्ने व्यवस्था गर्ने पनि घोषणपत्रमा उल्लेख गरिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार तथा सम्बन्धित प्रदेश सरकारसँग आवश्यक छलफल गरी निर्णय गर्न पहल गर्ने पनि भेला निर्णय गरेको छ । यस्तै भेलाले संसदीय बजेट सेवा कार्यालय स्थापना गर्नका लागि संघीय संसदका महासचिवको नेतृत्वमा सचिवालयका सचिव र सातै प्रदेशका सचिव रहने गरी एक अध्ययन समिति गठन गर्ने र सो समितिले आफ्नो अध्ययन प्रतिवेदनलाई आगामी भेलामा पेश गर्ने, सरकारको स्थिरता कायम गरी सुशासन र विधिको शासनलाई जीवन्त बनाउन वर्तमान निर्वाचन प्रणालीलाई मितव्ययी बनाउनेतर्फ अध्ययन, छलफल र बहसका निमित्त सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण गराउने समेत निर्णय गरेको छ । तीन दिनसम्म चलेको भेलाले संघीय संसद र प्रदेश सभाका विगतका सम्मेलन, भेला, अन्तरक्रिया र कार्यक्रमका निश्कर्ष, प्रतिवद्धता तथा घोषणाहरूलाई कार्यान्वयन गर्न गराउन संघीय संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, प्रदेश सभाका सभामुख र उपसभामुख रहेको अन्तरप्रदेश व्यवस्थापिका मञ्चलाई सक्रिय बनाइने, यस्ता सम्मेलन, भेला, अन्तरक्रिया सञ्चालन र व्यवस्थापनका निम्ति हाललाई सचिवालयहरूले आवश्यक समन्वय गरी संस्थागत रुपमा नियमित कार्यक्रम आयोजना गर्ने पनि प्रतिवद्धता जनाएको छ । भेला आगामी भेला गण्डकी प्रदेश सभाले गर्ने निर्णय गरेको छ । शनिबार नेपाल पत्रकार महासंघ पाल्पाले आयोजना गरेको भेटघाट कार्यक्रममा लुम्बिनी प्रदेश सभाका सभामुख तुलराम घर्ती मगरले भेलाले जारी गरेको ७ बुँदे घोषणपत्र सार्वजनिक गरेका थिए । कार्यक्रममा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पूर्वविद्यायकी, विद्यायकी र उत्तरविद्यायकीका विषयमा व्यापक छलफल गरी यसको महत्वलाई कार्यान्वयन गर्न संघ र प्रदेशको बीचबाट उत्तरविद्यायकी कार्यलाई अघि लैजानुपर्छ भन्ने निष्कर्षसहित पाल्पाको भेला अत्यन्त भएको बताए । उनले ऐन कानुनहरु बन्नुअघि ध्यान दिनुपर्ने कुराहरु के के हुन सक्छन् र कानुन बनेपछि कार्यान्वयन कसरी भएको छ भन्ने विषयमासमेत ध्यानदिन भेला महत्वपूर्ण भएको विश्वास व्यक्त गरे । भेटघाट कार्यक्रम पत्रकार महासंघका जिल्ला अध्यक्ष रेखीराम रानाको अध्यक्षता, सदस्य कृष्ण पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व कार्यसुरक्षा र स्वास्थ्य दिवस

हरेक वर्ष अप्रिल २८ तारिख अर्थात् आजकै दिन विश्व कार्य सुरक्षा तथा स्वास्थ्यका लागि विश्व दिवस मनाउने गरिन्छ । दिवसका दिन विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाईंदै छ । नेपालमा पनि दिवसका दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को संयुक्त आयोजनामा विभिन्न तालिम र जनचेतामूलक कार्यक्रम गर्ने गरिन्छ । सुरक्षित र स्वस्थ्य कार्यक्षेत्रको वातावरण बनाउन दिवसले महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपाल सरकारले २०५२ सालमा 'व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना'को स्थापना गरेको थियो । यस आयोजनालाई नेपाल (मन्त्रिपरिषद्) को २०७५ सालको निर्णयानुसार व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको रूपमा रहने गरी २०७५ साउन १ गतेदेखि स्थायी संगठन संरचना स्वीकृत भएको थियो । कामदारहरुले ढुक्क भएर काममा जाने, काम गर्ने अनि फर्कन सक्ने वातावरण होस्, कामदारको स्वास्थ्य र सुरक्षामा कुनै कमी नहोस् भन्ने उद्देश्यका साथ हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । तर श्रमिकले अझै पनि कार्यस्थलमा सुरक्षित महसुस गर्न पाएका छैनन् । यो अत्यन्त दुखको कुरा हो । रोजगारदाताले कार्यस्थलमा कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गर्नु भनेको खर्च र घाटामात्र हो भन्ने ठान्दा श्रमिकहरु सुरक्षित हुन सकेका छैन् । यो विडम्बनाको कुरा हो । कार्यस्थल जति स्वच्छ, राम्रो र सुरक्षित हुन्छ त्यसले उत्पादकत्व क्षमता बढाउँछ भन्ने कुरा रोजगारदाताले बुझ्न आवश्यक छ । श्रमिकलाई तालिमसँगै सुरक्षा साधन उपलब्ध गराउनु रोजगारदाताको कर्तव्य हो । तर उनीहरुले त्यसो गरेका छैनन् । जसका कारण उनीहरु अझै पनि असुरक्षित हुनु परेको अवस्था छ । सुरक्षित र स्वस्थ कार्यस्थलले मात्र कामदारहरूलाई चोटपटक र रोगबाट बचाउने मात्र होइन, यसले चोटपटक र बिमारीको दर कम गर्न, कामदारहरुको अनुपस्थिती र काम नै छाडेर जाने अवस्था हटाउन, उत्पादकत्व र गुणस्तर बढाउन र कर्मचारीको मनोबल बढाउन सक्छ । यसर्थ श्रमिकहरुको स्वास्थ्य र सुरक्षामा विशेष ध्यान दिई उनीहरुलाई ढुक्क भएर काम गर्न सक्ने वातावरण सिर्जना गर्न सकियो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्छ ।

## Opinion @ Social Network

चिन्ता प्रेमको मात्र होईन ,
जिम्मेवारिको पनि छ प्रेमले साहरा खोज्छ त जिम्मेवारीले भबिस्य माया ।
(*विजय भुसालको फेसबुक स्टाटस* https://www.facebook.com/*vijay.bhusal.1447*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाम्रो कृषि विकासको बाटो कुन ?



**प्रमेश पोखरेल**

नेपालको कृषि क्षेत्रमा बाधा उत्पन्न गर्ने थुप्रै कारण होलान्, तर मूलभूत रूपमा दृष्टिकोण तथा नीति-कार्यक्रमको अस्पष्टताले नेपाली समाज र अर्थतन्त्रको गतिशीलतालाई प्रभाव पारेको छ । अझ भनौं, कृषि क्षेत्र यही अस्पष्टता र विरोधाभासमा रुमलिएको देखिन्छ । नेपालको अर्थतन्त्र र कृषि क्षेत्र नवउदारवादी पुँजीवादी नीतिबाटै निर्देशित छ । तथापि केही मिश्रित अर्थ-व्यवस्थाका अवशेष बाँकी छन् । सँघीय गणतन्त्र नेपालको संविधानले अबको बाटो समाजवादी भन्ने सङ्केत गरेको सन्दर्भ जोड्दा पनि हाम्रा नीति-कार्यक्रम र योजना समाजवाद उन्मुख छैनन् । अझ समाजवादको पनि पार्टीपिच्छे फरक-फरक व्याख्या छन् भने कम्युनिस्टहरू समाजवाद निर्माणको विषयमा चिनियाँ र भियतनामी मोडल, सोभियत मोडल वा क्युबा मोडलको कुरा गर्छन् । नेपालको कृषिलाई कसरी र कहाँ लग्ने भन्नेमा बहस पर्याप्त छैन । अहिले विश्वमा अभ्यास गरिएका उत्पादन प्रणालीलाई मुख्यत: दुई भागमा विभाजन गर्न सकिन्छ । एकथरी उत्पादन पुँजीवादी नवउदारवादी मान्यतामा आधारित छ ।

पुँजीवादी व्यवस्था नाफामुखी हुन्छ । त्यसैले यसले कृषिमा पनि जतिसक्दो उत्पादन बढाउने र त्यसका लागि बाह्य रासायनिक मल, विषादी, आनुवांशिक बिउ र हाइटेक यन्त्रको प्रयोग गर्ने कुरामा जोड दिन्छ । यसले नाफा आर्जनका लागि किसान र कृषि श्रमिक साथै माटो र प्राकृतिक स्रोतको समेत मनलाग्दी र अत्यधिक दोहन गर्छ । नवउदारवादी नीतिका कारण उत्पादनको मूल्य बजारले निर्धारण गर्छ र खाद्यलाई मात्र नाफा कमाउने वस्तुको रूपमा हेरिन्छ । परिणामत: वातावरण, माटो, मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नुका साथै केही धनी लगानीकर्ता, ठूला किसान र कम्पनीलाई मात्र फाइदा पुग्छ । औद्योगिक कृषि, कम्पनी कृषि र ठूलठूला बहुराष्ट्रिय निगमको कृषिलाई प्रोत्साहन गर्ने पुँजीवादी कृषिले बहुसङ्ख्यक साना किसानलाई बेवास्ता गर्दै विस्थापन र सीमान्तीकरण गर्छ । त्यसैले त आज विश्वमा देखिएको कृषि तथा खाद्य सङ्कटको प्रमुख कारण पुँजीवादी नवउदारवादी उत्पादन प्रणाली हो पनि भनिन्छ । अर्कोथरी यस्तो उत्पादन प्रणाली छ, जुन प्रकृतिसँगको समन्वय, जैविक सामग्रीको प्रयोग र किसानको हितमुखी छ । यसलाई खाद्य सम्प्रभुतामा आधारित पर्यावरणीय कृषि (एग्रो इकोलोजी) भनिन्छ । अर्कोथरी यस्तो उत्पादन प्रणाली छ, जुन प्रकृतिसँगको समन्वय, जैविक सामग्रीको प्रयोग र किसानको हितमुखी छ । यसलाई खाद्य सम्प्रभुतामा आधारित पर्यावरणीय कृषि (एग्रो इकोलोजी) भनिन्छ । यो उत्पादकत्व वृद्धि, दिगोपन, जनचाहनाका पक्षलाई सन्तुलित रूपमा ध्यान दिने कृषि हो । जैविक विविधतामा आधारित यस्तो कृषिले समाजवादी अर्थतन्त्र निर्माणका लागि आधार सिर्जना गर्न आधार तयार पार्छ । खाद्यान्नको उत्पादन किन र कसरी गर्ने भन्ने नै मूलभूत प्रश्नमा यी दुई प्रणालीमा भिन्नता छ । एउटा नाफा, व्यापार, एकाधिकार र असमानतामा आधारित छ भने अर्को प्रकृतिसँगको समन्वय, दिगोपन, मानवीयता, न्याय, जनजीविकासँग सम्बन्धित छ । पर्यावरणीय कृषि जनस्तरबाट विकसित स्थानीय, आत्मनिर्भर, एकीकृत, सिर्जनशील एवं प्रकृतिको सामीप्यमा गरिने खेती अभ्यासहरूको समग्र रूप हो । कतिपयले यसलाई कृषि पर्यावरण वा वातावरण मैत्री कृषि वा प्राकृतिक कृषि पनि भन्छन्, तर यसलाई अंशका रूपमा बुझ्नु हुँदैन किनकि यो अभ्यास मात्र होइन । यो संस्कृति, संज्ञान र विज्ञानको उपयोग गर्ने अभ्यासका साथै सैर्ष र रूपान्तरणको एक अभियान तथा राजनीतिक कार्यक्रमको रूपमा लिइन्छ । अत्यन्त छोटकरीमा सहज रूपमा समाजवादी र नवउदारवादी उत्पादन दृष्टिकोणलाई हामीले तलको तालिकामार्फत बुझ्न सक्छौं ।

**समाजवादी र नवउदारवादी उत्पादन दृष्टिकोणमा भिन्नता**

| विषयवस्तु | पुँजीवादी नवउदारवादी उत्पादन प्रणाली | खाद्य सम्प्रभुतामा आधारित पर्यावरणीय कृषि |
| --- | --- | --- |
| लगानी र बजारमा कसको पहुँच र अधिकार हुने ? | यसले कृषिमा विदेशी लगानी र बाह्य बजारमा पहुँचको व्याख्या गर्छ । बजार खुल्ला गरी वस्तु र सेवाको व्यापारमा जोड दिन्छ । | खाद्य र कृषिलाई विश्व व्यापारबाट सुरक्षित राख्ने तथा स्थानीय बजार, सुरक्षित र संरक्षित कृषिमा जोड दिन्छ । प्रशोधन, उद्योग, अन्य क्षेत्रमा जे-जस्तो नीति भए पनि प्राथमिक उत्पादनमा विदेशी लगानीले सम्प्रभुता कमजोर बन्ने वकालत गर्छ । |
| अनुदान कसका लागि ? | विकसित देशका ठुला किसानलाई छुट तर तेस्रो विश्वमा अनुदान घटाउनुपर्ने नीति दिन्छ । | साना स्तरका कृषिमा अनुदान, किसानको मूल्य र आम्दानी संरक्षणमा जोड दिन्छ । |
| खाद्यान्न के हो ? | व्यापारिक वस्तु मात्र ठान्छ । | खाद्यान्न व्यापारिक वस्तुमात्र होइन किनकि स्वस्थ पोसिलो, सुलभ र संस्कृति अनुरूपको स्थानीय उत्पादनमा आधारित खाना खान पाउने अधिकार मानव अधिकार हो भन्ने मान्यता राख्छ । |
| भोकमरी र गरिबीको कारण के हो ? | उत्पादनको कमी, उच्च मूल्य र आपूर्तिमा समस्या भोकमरीको कारण ठान्छ । | असमानता र गरिबीका कारण पहुँच र वितरणको समस्या हुने गरेको तथा उत्पादक वर्गको स्रोत-साधनमा पहुँच नभएको मूल समस्या मान्छ । |
| किसान को हुन् ? | हेपिएका, पिछडिएका, परम्परागत, पर्याप्त लगानी र ज्ञान नभएका ठान्छ । | संस्कृति, प्रकृति र कृषि विकासका प्रवर्द्धक तथा संरक्षक हुन मान्छ । |
| उत्पादन किन गर्ने ? | यसले उत्पादन केवल नाफाको लागि गर्छ । बजार, विदेशी विनिमय, बेचबिखन तथा विश्व बजारका लागि उत्पादन भन्ने मान्यता राख्छ । | यसले खाद्य र कृषि जीवनको आधार मान्छ । त्यसैले उत्पादन पहिलो गरिबी र भोकमरी अन्त्य गर्न, दोस्रो स्थानीय बजारका लागि, तेस्रो आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणका लागि र चौथो विनिमय र बाह्य बजारका लागि हुन्छ भन्ने मान्यता राख्छ । |
| उत्पादन कसले गर्ने ? | यसले निजी क्षेत्र, कम्पनी, लागनीकर्ता र निगममार्फत उत्पादन बढ्ने तर्क गर्छ । | यसमा उत्पादन प्राथमिक रूपमा किसानले नै गर्नुपर्छ । साथै व्यक्तिगत, सामूहिक, तथा राष्ट्रिय योजना तथा उत्तरदायित्वका साथ उत्पादन गर्नुपर्छ भन्ने मान्यता राख्छ । |
| उत्पादन कसरी गर्ने ? | यसमा जसरी हुन्छ नाफा बढाउने, रासायनिक मल, विषादी, अनुवंश सुधारिका बिउ प्रयोग गर्ने, प्रकृतिको दोहन गर्ने, तथा अन्य आर्थिक रूपमा लाभ दिने जुनसुकै कुरा अपनाउने व्याख्या छ । | किसान र कृषि संस्कृतिलाई केन्द्रमा राखी स्वस्थ र दिगो रूपमा स्थानीय स्रोतको उपयोग गरेर उत्पादन गर्नुपर्ने मान्यता राख्छ । |
| उत्पादनको मूल्य कसले निर्धारण गर्ने ? | यस्तो प्रणालीले मूल्य बजारले निर्धारण गर्छ भन्ने मान्यता राख्छ । | यो प्रणालीमा कृषि वस्तुको मूल्य राज्यले निर्धारण गर्छ । न्यूनतम समर्थन मूल्य तोकी राज्यले सार्वजनिक खरिद बिक्रीको व्यवस्था गर्नुपर्ने वकालत गर्छ । |

**पर्यावरणीय कृषि जनस्तरबाट विकसित स्थानीय, आत्मनिर्भर, एकीकृत, सिर्जनशील एवं प्रकृतिको सामीप्यमा गरिने खेती अभ्यासहरूको समग्र रूप हो । कतिपयले यसलाई कृषि पर्यावरण वा वातावरण मैत्री कृषि वा प्राकृतिक कृषि पनि भन्छन्, तर यसलाई अंशका रूपमा बुझ्नु हुँदैन किनकि यो अभ्यास मात्र होइन । यो संस्कृति, संज्ञान र विज्ञानको उपयोग गर्ने अभ्यासका साथै संगर्षा र रूपान्तरणको एक अभियान तथा राजनीतिक कार्यक्रमको रूपमा लिइन्छ ।**

यो मूलत: राजनीतिक दृष्टिकोणको विषय हो । हामी न्यायपूर्ण र दिगो बाटो जान चाहन्छौं या पुँजीवादी बाटोबाट भन्ने हो तर पहाडि र हिमाली भूगोल, सानो स्तरको कृषि, जैविक विविधतामा आधारित कृषि, कृषि संस्कृति तथा किसानको बाहुल्यताका हिसाबले पुँजीवादी कृषिभन्दा पर्यावरणीय कृषि बढी अनुकूल र आवश्यक देखिन्छ तर यसो भन्दैमा कृषिलाई व्यावसायीकरण गर्ने, उद्यम र उद्योगसँग जोड्ने, निर्यातको सम्भावना भएका तुलनात्मक लाभका वस्तुको उत्पादन नगर्ने भन्ने होइन । समथर भूभाग र सम्भावना भएका स्थानमा व्यावसायिक खेती गरिए पनि मूलभूत रूपमा जैविक कृषि र पर्यावरणीय कृषि नै आवश्यक देखिन्छ । नवउदारवादी व्यावसायिक कृषिमा रासायनिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिन्छ ।

तथापि व्यावसायिक कृषि जैविक पनि हुन्छ । उत्पादन बढाउने मूल नारा रहेको रासायनिक खेतीको विश्वमा तथ्यांङ्क हेर्दा उत्पादन र उत्पादकत्व केही समयपछि घट्दै आएको मात्र होइन, थुप्रै अन्य बेफाइदा देखिएको स्पष्ट छ । उत्पादकत्व वृद्धिका लागि रासायनिक मल र विषादीको प्रयोग दर निरन्तर बढाउँदै लैजानुपरेका कारण वातावरण, स्वास्थ्यमा हानि पुग्नुका साथै लगानी बढ्ने र किसान झन् बढी बजार निर्भर बन्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैकारण रासायनिक कृषिले गरिबी निवारण गर्नुको सट्टा गरिबी वृद्धि भइरहेको छ । रासायनिक खेतीमा प्रयोग हुने मल र विषादीले माटो, मानव, जीवजन्तु र पर्यावरणीय स्वास्थ्यमा पुऱ्याएको क्षतिले गर्दा निम्तिएको जोखिम, आर्थिक घाटा, दिगोपनको समस्या साथै घातक रोगहरूको सङ्क्रमण बढेको छ । अझ यो कृषिसँगै खुला बजार, बहुराष्ट्रिय निगम, विश्व व्यापार संगठनका प्रावधानअघि बढ्ने र हाम्रोजस्तो देश परनिर्भर बन्दै जाने हुँदा यसका अनेकन् समस्याले दिगो कृषिको आवश्यकता र औचित्यता देखिएको छ । विश्वव्यापी रूपमा मानव जगत पुँजीवादी नवउदारवादी सङ्कटहरूको सामना गरिरहेको सन्दर्भमा दिगो कृषिको महत्त्व बढ्दै गएको छ । किसानहरू तथा आमनागरिकले एकातर्फ कृषि सङ्कट र अर्कोतर्फ वातावरणीय सङ्कटको चुनौतीपूर्ण अवस्थासँग जुधनुपरेको छ । कृषि क्षेत्रमा देखिएको विकर्षण र युवा पलायन, मूल्य र बजारको समस्या, गुणस्तरहीन र रासायनिक विषादीयुक्त खाद्यवस्तुको बिगबिगी लगायत समस्या तथा स्रोतसाधनको मनलागी दोहन, वातावरणीय प्रदुषण, जलवायुमा परिवर्तन लगायत वातावरणीय समस्यालाई समग्रमा हेर्ने हो भने दुवै सङ्कट नवउदारवादका दुष्परिणाम हुन् । अहिलेजस्तै आनुवांशिक बिउ, रासायनिक विषादी र मल प्रयोग गरी तथा प्राकृतिक स्रोतको मनलागी दोहन गर्ने तथा वातावरण र मानव स्वास्थ्यमा समेत असर पार्ने नाफाको राजनीतिमा आधारित खेती प्रकृति र मानवजगत्को भविष्यका लागि चुनौतीपूर्ण छ ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
| --- | --- |
| **मेष** : क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । | **तुला** : अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । |
| **वृष** : आज धार्मिक यात्राको योग छ । आतिथ्यपूर्ण सम्मान पाइएला । | **वृश्चिक** : सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ । |
| **मिथुन** : आज कार्यमा अवरोधका र स्वास्थ्यमा पनि प्रतिकूलता रहने देखिन्छ । | **धनु** : नजिकको व्यक्तिबाट धोका मिल्नसक्छ सचेत रहनुहोला । |
| **कर्कट** : आज लक्ष्मी प्रसन्न हुने योग छ । महत्वपूर्ण कामको थालनी हुनेछ । | **मकर** : सामाजिक क्षेत्रमा सफलता मिल्ने छ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : आज धार्मिक कार्य सफल रहनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : बौद्धिक काममा सफलता मिल्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला। |
| **कन्या** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |

# कृषि

## चैते धानप्रति दाङका किसानको आकर्षण बढ्दो



बङ्गलाचुली गाउँपालिका-४ गहतेरा निवासी डोरबहादुर घर्तीले यस वर्ष पनि चैते धान रोपेका छन् । चैते धानले उनको जीविकोपार्जनमा सहयोग भएको छ । हरेक वर्ष आम्दानी बढेपछि चैते धानखेतीलाई निरन्तरता दिएको उनी बताउँछन् ।

बर्सेनि चैते धान रोप्दै आएका घर्तीले हिजो रोपाइँ सकेका हुन् । उनले भने, 'सिँचाइको सुविधा छ, उत्पादन पनि मनग्ये हुने भएकाले पहिलेदेखि नै चैते धानखेती गर्दै आएका छौँ ।' चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान र एक बाली गहुँखेती गर्दै आउनुभएका घर्तीले बर्खे धानको तुलनामा चैते धान अधिक फल्ने बताए । उनले यस वर्ष ११ रोपनी क्षेत्रफलमा धान रोप्नुभएको छ । बङ्गलाचुलीका अर्का किसान मुगा डाँगी पनि अहिले चैते धान रोप्न व्यस्त छिन् । चार रोपनी जग्गामा रोपाइँ जारी छ । थोरै जमिनबाट धेरै उत्पादन लिन पनि आफूले प्रत्येक वर्ष धानखेती गर्दै आएको उनले बताइन् । स्थानीय सरकारबाट सहयोग नभएको गुनासो गर्दै उनले त्यसो भएमा उत्पादन बढाउन सहज हुने बताइन् ।

चैते धानबाट प्रशस्त आम्दानी हुने भएपछि आफूलगायत गाउँका अधिकांश किसानले चैते धान लगाउँदै आएको उनी बताउँछन् । वर्षमा दुई बाली धानखेती गर्ने स्थानीयवासीले बर्खेभन्दा चैते धानबाट धेरै आम्दानी गर्ने गहतेरा निवासी चूर्ण डाँगी बताउँछन् । चैते धान प्रवर्द्धन गर्न स्थानीय वा प्रदेश सरकारले अनुदानको व्यवस्था गर्नुपर्नेमा उनको जोड छ । कृषि ज्ञान केन्द्रका अनुसार घोराही उपमहानगरपालिका- १, बङ्गलाचुली गाउँपालिका-३ र ४ सँगै देउखुरीका केही स्थानमा चैते धानखेती हुने गरेको छ । जिल्लामा करिब दुई हजार पाँच सय हेक्टरमा चैते धानखेती हुने गरेको छ ।**-रासस**

## दुई महिनामै सुन्तलाले पायो तीन गुणा बढी मूल्य



हिउँदमा बिक्री नभएका सुन्तला शीतभण्डारमा राखेपछि किसानले दुई महिनामै तीन गुणा बढी मूल्य पाएका छन् । म्याङलुङ-९ साब्लामा सञ्चालित मेयङलुङ शीतभण्डारमा हिउँदमा सुन्तला भण्डारण गर्दा प्रतिकिलो रु ६० थियो । अहिले प्रतिकिलो रु दुई सयले बिक्री भइरहेको छ ।

कोशी प्रदेश सरकारको रु तीन करोड, म्याङलुङ नगरपालिका र कियाचु कृषि सहकारी संस्थाको रु एक करोड ३० लाख साझेदारीमा म्याङलुङ-९ साब्लामा एक हजार मेट्रिक टनको शीतभण्डार सञ्चालनमा छ । प्रतिकेजी दुई रुपैयाँ ५० पैसा प्रतिमहिना भाडा तिरेर माघको अन्त्यतिर शीतभण्डारमा राखेको दुई महिनामै स्थानीय बजारमा सुन्तलाले तीन गुणा बढी मूल्य पाउँदा किसानलाई फाइदा भएको म्याङलुङ-२ की मेनुकाकुमारी श्रेष्ठले बताइन् । 'हिउँदमा सुन्तला बिक्री नभएर बगानमै कुहिने अवस्था थियो । बिक्री भइहाले पनि रु ५० किलो व्यापारीले मागिरहेका थिए । अहिले तीन गुणा बढी मूल्य पायो हामी खुसी छौँ,' श्रेष्ठले भनिन् । यसअघि शीतभण्डारमा भण्डारणको अनुभव नभएकाले बिग्रिने हो की भनी डराइडराइ सुन्तला भण्डारण गरेको म्याङलुङ-२ का मोतीराज तुम्बाहाङ्फे बताए । 'साथीहरुले बिग्रिन्छ नराख भन्दै थिए तर भण्डारणको समयमा कटिङ र लेबलिङमा ध्यान दिने हो भने नबिग्रिने रहेछ', उनले भने । विसं २०७० मा दर्ता भएको कियाचु कृषि सहकारी मार्फत मेयङलुङ शीतभण्डार गत सालदेखि सञ्चालित छ । किसानमा शीतभण्डारको उपयोगिताको बारेमा थाहा नभएकाले किसानसँग छलफलमा रहेको शीतभण्डारकी व्यवस्थापक कुमारी लिम्बूको भनाइ छ ।

यस वर्ष शीतभण्डारमा किवि तीन हजार किलो, सुन्तला दुई हजार किलो भण्डारण गरिएको छ । अब आलुको बीउ भण्डारणको तयारी भइरहेको व्यवस्थापक लिम्बूको भनाइ छ । हिउँदमा खान पाइने सुन्तला चैत वैशाखमा किनेर खान पाएकोमा स्थानीय उपभोक्ता समेत खुसी छन् । **-रासस**

## शिवको लोभलाग्दो ड्रागन फ्रुट खेती



दस वर्ष कोरिया बसेर फर्किएका शिव थापा व्यावसायिक 'ड्रागन फ्रुट' को खेतीमा लागेका छन् । वालिङ नगरपालिका-४ रत्नेथुम्काका उनले विदेशमा सिकेको सीप आफ्नै गाउँ फर्केर उपयोग गरेका हुन् । 'दक्षिण कोरियामा निर्माण क्षेत्रमा काम गरेता पनि फुर्सदमा त्यहाँका कृषि फार्ममा पनि काम गरेर अनुभव लिएको थिएँ,' उनले भने, 'त्यहाँ सिकेको ज्ञान अहिले आफ्नै जन्मभूमिमा फर्केर प्रयोग गरी आम्दानीसँग जोडिएको छु ।' उनले स्वदेश फर्कँदा ड्रागन फ्रुटको खेती गर्ने योजना बनाएको बताए । सोही अनुरूप दुई वर्षअघि उनले ड्रागनफ्रुटका तीन सय बिरुवा लगाएका थिए । बिरुवाले प्रशस्त फल दिएपछि त्यसलाई विस्तार गर्दै अहिले पाँच रोपनीमा एक हजार बिरुवा लगाइएको उनले बताए । 'नयाँ फल भएकाले स्थानीय बजारमा यसको खपत भएको छ,' उनले भने, 'गत वर्ष घरबाट नै डेढ क्विन्टल बिक्री गरेको थिएँ यस वर्ष पाँच क्विन्टल बिक्री गर्ने लक्ष्य छ,' उनले भने । सुरुमा आफूले उत्पादन गरेको फलका बारेमा बुझाउँदै हिँड्नु परेपनि अहिले उत्पादन हुनासाथ घरबाटै बिक्री हुने गरेकाले बजारको समस्या नभएको उनी बताउँछन् । प्रतिकेजी ५ सय रूपैयाँका दरले बिक्री हुने र माग अनुसार आपूर्ति गर्न नसकिएको उनले बताए । ६ लाखको लागतमा व्यावसायिक खेती थाल्नुभएका थापालाई 'फार्म'को सुरक्षाका लागि वालिङ नगरपालिकाले तारबार गर्न तीन लाख रूपैयाँ उपलब्ध गराएको थियो । वडा कार्यालयले पनि सिँचाइका लागि सहयोग गरेको उनले बताए । उनले ड्रागन फ्रुटसँगै खाली रहेको जमिनमा कोरियाली साग (फेछु) र चिनियाँ साग पनि लगाएका छन् । 'ड्रागन फ्रुटका बोटका बीचमा साग लगाएको छु, त्यसको माग अत्यधिक छ,' उनले भने, 'तीन-तीन महिनामा साग बेचेर एक लाख रूपैयाँ आम्दानी हुन्छ ।' साग पनि स्थानीय व्यापारीले घरमै आएर किन्ने गरेका छन् । उनले फार्ममा सेतोपाती समेत लगाएका छन् । काटेर सुकाएको सेतोपाती प्रतिकेजी सय रूपैयाँमा बिक्री हुने उनी बताउँछन् । 'अहिले उत्पादन भएको ड्रागन फ्रुट लगायत कृषिजन्य उत्पादन नजिकैको बजारमा खपत भइरहेको छ, अब व्यवसायलाई विस्तार गर्ने सोचमा छु,' उनले भने ।**-रासस**

## सिँचाइ आयोजना निर्माणले बल्ल गति लियो



जिल्लाको मालिका गाउँपालिका-५ पन्थोकमा एक दशकअघि शुरू भएको सिँचाइ आयोजना निर्माणले बल्ल गति लिएको छ ।

सिँचाइ आयोजनाका लागि बजेट विनियोजन नहुँदा र पहिरोका कारण त्यसलाई अघि बढाउन सकिएको थिएन । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन गरेपछि निर्माणले गति लिएको हो । 'तत्कालीन जिविसले शुरू गरेको योजनाले निरन्तरता नपाएको र पहिरोले क्षति गरेपछि सात वर्षदेखि अलपत्र थियो ।

यसपालि प्रदेश सरकारबाट बजेट विनियोजन भएकाले सिँचाइ योजनालाई पूर्णता दिन लागिपरेका छौँ,' स्थानीय अगुवा एवं पूर्ववडासदस्य दिलबहादुर पुनले भने ।

सात वर्षअघि रु १३ लाख खर्चेर जङ्गलेखोलाको मुहानबाट करिब एक किलोमिटर पाइप लाइन बिछ्याइएको थियो । उपभोक्ता समितिका सचिव केमबहादुर मल्लले मुहानबाट पाँच सय मिटर दुई सय मिलीलिटर क्षमताको पाइपबाट पानी चलाइसकेको र कुनलेखर्कसम्म थप तीन सय मिटर पाइप लाइन जडान भइरहेको जानकारी दिए । खानेपानी सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालय म्याग्दीका सबइन्जिनीयर अन्जन खत्रीका अनुसार सो योजनाबाट पन्थोकको ५० हेक्टरभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुग्नेछ । उपभोक्ता समिति र स्थानीयवासी गरी दैनिक १२ देखि २० जनाले श्रमदान गरेर पाइप लाइन खन्ने र जोड्ने काम गरिरहेका छन् । योजनाको शनिवार अनुगमन गरेका खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालयका प्रमुख झलकमोहन ओझाले गौराखोलालगायत म्याग्दीका ६० वटा सिँचाइ आयोजना निर्माणाधीन रहेका बताए । **-रासस**

## मकैमा दाना नलागेपछि खर्च उठाउनै मुस्किल



यस वर्ष असोज अन्तिम कात्तिकमा लगाएको मकै थन्काउन यतिबेला किसानलाई भ्याई नभ्याई छ । चैत, वैशाखको चर्को घाममा खेतमा पाकेको मकै थन्काउन किसानलाई बाटोघाटो, चौर, खाली जग्गामा मकै सुकाउने र उठाउनेको चटारो देखिन्छ । यस वर्ष मकैको घोगामा दाना नलागेपछि किसानहरू निराश छन् । जीतपुरसिमरा-११ फत्तेपुरका मकै किसान रामलाल राउतले यस वर्ष २ बिगाहा १० कठ्ठा जग्गामा ३३५५ जातको मकै लगाएका थिए । कात्तिकमा लगाएको उनको मकैमा दाना भने लागेन । गत वर्ष प्रतिकठ्ठा ३ क्विन्टल बढी मकै फलेको खेतमा यसपटक १ क्विन्टल मात्रै फलेको उनी बताउँछन् । 'मकैको घोगा ठुलो ठुलो छ भित्र च्यातेर हेर्दा दाना छैन,' राउतले भने । मलखाद, बीउ, मजदुर, जोताइ, पानी लगाउँदा विद्युत् खर्च धेरै महँगो भएकाले यो वर्ष मकैबाट खर्च पनि नउठ्ने बताउँछन् । 'कात्तिकमा लगाएको मकै माघमा भएको शीतलहर र चिसोले पात झरेर दाना नै लाग्नै सकेन । धेरै खर्च गरेर कति औषधी गरे पनि भएन,' राउतले भने । राउत जस्तै अर्का किसान धनसुन्दर बैठाले यस वर्ष मकै राम्रो नफलेको गुनासो गरे । उनले यस वर्ष ३ बिगाहा खेतमा मकै लगाएका थिए । 'पहिला प्रतिकठ्ठा ३ क्विन्टल देखि ४ क्विन्टलसम्म फलेको थियो, यसपल्ट मकैमा दाना छैन,' बैठाले भने 'के कारण हो हामीलाई त थाहा छैन । तर यसपटक मकै राम्रो छैन । दाना नै छैन ।' जीतपुर सिमरा २० का अर्का किसान लालजी खाँ यसपटक मकैको बिउ बिउ बेच्नेले बेइमान गरेर पुरानो मकै परेकोले दाना नै नलागेको बताउँछन् । 'हजार रुपैयाँ किलोको बिउ हो, घरको सबै मान्छे खट्दा १० कठ्ठामा ५० हजार खर्च लागेको छ । यसपटक मकैले खर्च उठाउँदैन । कसरी ऋण तिर्ने ?' खाँले भने, 'गत वर्ष यही ३३५५ जातको मकै प्रतिकठ्ठा ५ क्विन्टलसम्म फलेको थियो ।' यता निजगढ नगरपालिका वडा नं ४ की रेखा हुमागाईंले पनि गत वर्ष १४ कठ्ठा जग्गामा ३० देखि ३२ क्विन्टल मकै बेचेकोमा यसपटक ११/१२ क्विन्टल मात्रै मकै बिक्री गरेको बताउँछिन् । असोज अन्तिमदेखि कात्तिकमा धान भित्राए लगत्तै किसानले मकै लगाएका थिए । जीतपुर सिमरा उपमहानगरका कृषि प्राविधिक धिरज पौडेल यसपटक मकैको घोगामा दाना नलाग्ने समस्या बाराको सबै पालिकादेखि रौतहट र सर्लाहीमा समेत देखिएको बताउँछन् । उनले मङ्सिर पहिलो साता लगाउनुपर्ने ३३५५ र ९०८१ जातको मकै किसानले असोज-कात्तिकमै लगाउँदा यस्तो समस्या देखिएको बताए । '३३५५ र ९०८१ सिफारिस जात हो । यसलाई दाना लाग्ने बेलामा चिसोबाट बचाउन मङ्सिरमा लगाउनुपर्नेमा किसानले असोजमै मकै लगाउँदा यस्तो समस्या देखिएको हो,' पौडेलले भने, 'किसानहरूले केही सिफारिस नभएका जातका मकैको बिउ लगाउँदा पनि दाना नलाग्ने समस्या देखिएको छ ।' बारामा अलिक चिस्यान माटो बढी भएको उत्तर तर्फको पालिकाहरू जीतपुर सिमरा, निजगढ, कोल्हवी, करैयामाईका कृषकहरूले धान भित्राउने बित्तिकै मकै लगाएका थिए । यी पालिकामा किसानले लगाएको मकैमा दाना नलागेको गुनासो आएपछि केही दिनअघि रामपुर मकैबाली अनुसन्धान कार्यक्रमको विज्ञ टोलीले एकसाता अघि स्थलगत अनुगमन गरेर मकैको नमुना लगेको छ । अनुगमनको क्रममा मकैबाली विज्ञहरूले मौसम परिवर्तनको कारण पनि यस्तो समस्या देखिएको टिप्पणी गरेको कृषि प्राविधिक पौडेलले जनाएका छन् । यसपटक मकैमा दाना नलागेको गुनासो बढी आएपछि जीतपुर सिमरा उपमहानगरले भने कृषकहरूको घर घरमा पुगेर तथ्याङ्क सङ्कलन सुरु गरेको छ । कृषि प्राविधिक पौडेलले केही दिनभित्र तथ्याङ्कको परिणाम सार्वजनिक गर्ने बताएका छन् ।

**-रातोपाटी डटकम**

# मृतकका परिवार र आगलागी पीडितलाई निर्माणकर्मी संघको सहयोग




**पाल्पा,** वैशाख १५/ जिल्लाका श्रमिक, मजदुर तथा निर्माणकर्मीहरुको संस्था भवन तथा बाटो निर्माणकर्मी संघ पाल्पाले मृतकका परिवार र आगलागी पीडितलाई आर्थिक सहयोग गरेको छ । संघले शनिबार एक औपचारिक कार्यक्रमको आयोजना गरी संघमा आवद्ध मृतकका परिवार र आगलागी पीडित श्रमिकहरुलाई आर्थिक सहयोग गरेको हो ।

सधैं श्रमिक वर्गहरुको हितमा समर्पित रहँदै आएको संघले एक जना मृतकका परिवार र चार जना आगलागी पीडितलाई राहत स्वरुप आर्थिक सहयोग गरेको छ । निर्माण श्रमिक स्व. हरिचन्द्र बहादुर घर्तीको स्वभाविक मृत्यु पश्चात उनको परिवारलाई संघले २ लाख ७५ हजार आर्थिक सहयोग गरेको हो । उक्त सहयोग रकमको चेक संघका अध्यक्ष सुरेश कर्माचार्यले स्व. घर्तीको श्रीमति कला कुमारी घर्तीलाई हस्तान्तरण गरेका हुन् । यस्तै वैशाख ८ गते जिल्लाको माथागढी गाउँपालिका- ४ मा आगलागी हुँदा घर, गोठ जलेर भौतिक क्षति व्यहोरेका ४ जना श्रमिकहरुलाई पनि संघले ५/५ हजारका दरले राहत रकम सहयोग गरेको छ । उक्त सहयोग रकम पनि संघका अध्यक्ष कर्माचार्यले आगलागी पीडित सुनिता विक, चुनु सुनार, कमला विक, सुकमाया विकलाई हस्तान्तरण गरेका छन् । उनले सहयोग रकम हस्तान्तरण गर्दै दुःख र पीडामा रहेका श्रमिकहरुलाई थोरै भए पनि राहत होस् भन्ने उद्देश्यले आर्थिक सहयोग गरिएको बताए ।

कर्मचार्यले संघमा आवद्ध श्रमिकहरुको मृत्यु भएमा स्वभाविक मृत्यु वापतको रकम दिने गरेको भन्दै सो रकमले थोरै भए पनि राहत मिल्ने विश्वास व्यक्त गरे । आगलागीका कारण श्रमिकहरुको घर, गोठ जलेको घटनाले संघलाई समेत पीडा बोध भएको अध्यक्ष कर्माचार्यले उल्लेख गरे । उनले श्रमिकहरुको पीडामा संघ पनि सँगसँगै रहेको बताए । नव जनचेतना राष्ट्रिय दैनिकका उपसम्पादक रामचन्द्र रायमाझीले संघले आर्थिक सहयोग गरेर दुःख र विपद्मा परेका श्रमिकहरुलाई मलम लगाउने काम गरेको भन्दै संघको प्रशंसा गरे । उनले भने,'संघले विगतदेखि नै श्रमिकहरुका पिर मर्काहरुमा सँगै हातेमालो गर्दै आएको छ, यो अत्यन्त अनुकरणीय र प्रशंसनिय कार्य हो ।' सामाजिक कार्य कोषबाट आगलागी पीडित र स्वभाविक मृत्युवापत मृतकका परिवारलाई आर्थिक सहयोग गरिएको संघका उपाध्यक्ष निलकण्ठ देवकोटोले जानकारी दिए । आर्थिक सहयोग रकम पाएपछि श्रमिकहरुले आफुहरुको पीडामा सहानुभूति प्रकट गरेको भन्दै संघलाई धन्यवाद दिए । संघका अध्यक्ष सुरेश कर्माचार्यको अध्यक्षता, सचिव हुमराज बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# जेठ ११ देखि एमाले पाल्पाको जिल्ला अधिवेशन




**पाल्पा,** वैशाख १५/नेपाल कम्युनिस्ट पार्टी (एमाले) पाल्पाको १० औं जिल्ला अधिवेशन आगामी जेठ ११ देखि गर्ने निर्णय भएको छ । जिल्ला कमिटीको बैठकले जेठको ११ र १२ गते अधिवेशन गर्ने निर्णय गरेको हो ।

अधिवेशन सफल पार्न जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरेको संयोजकत्वमा मूल व्यवस्थापन समिति गठन गरिएको छ । विभिन्न उपसमिति समेत गठन गरिएको छ । धनेन्द्रराज घिमिरेको संयोजक रहेको प्रतिवेदन लेखन उपसमिति गठन गरिएको छ । पूर्व अध्यक्ष नारायण प्रसाद आचार्य, पूर्व कार्यवाहक अध्यक्ष देवीप्रसाद बश्याल, वर्तमान उपसचिव दीपक विश्वकर्मा सदस्य रहेका छन् । आर्थिक उपसमितिको संयोजकमा उपाध्यक्ष देवीलाल लामिछाने रहेका छन् । लेखा कमिटीका संयोजक सदस्य रहने छन् । प्रतिनिधि व्यवस्थापन उपसमिति संयोजकमा पार्टी सचिव रामजी पोखरेल रहेका छन् । सदस्यमा मुक्ति कालिराज, गुराँस आत्रेय, जीवन आचार्य, तेजबहादुर घर्ती रहेका छन् । देवीलाला लामिछानेको संयोजकत्वमा अर्थ संकलन उपसमिति गठन गरिएको छ । विमल काफ्ले, चिरञ्जीवी पोखरेल, खेमबहादुर सारू, विष्णु भण्डारी, यमबहादुर चिदी, प्रेम श्रेष्ठ, सरस्वती चिदी, मिना जिसी, विष्णु आचार्य, रामलाल श्रेष्ठ, हिरु राना, भरत न्यौपाने सदस्य रहेका छन् । दीपक विश्वकर्मा संयोजकत्वमा १५ सदस्यीय स्वयंसेवक परिचालन उपसमिति गठन गरिएको छ । मिलन विश्वकर्माको संयोजकत्वमा प्रचार-प्रसार उपसमिति गठन गरिएको छ । एमाले प्रचार तथा प्रकाशन विभागका सदस्य र प्रेस चौतारीका पदाधिकारी सदस्य यसका सदस्य रहने छन् । मञ्च व्यवस्थापन तथा अतिथि सत्कार उपसमिति संयोजकमा गुराँस आत्रेय रहेका छन् । नगर कमिटीका पदाधिकारी सदस्य रहने छन् । खाद्य तथा आवास व्यवस्थापन उपसमितिको संयोजकमा देवीलाल लामिछाने, सदस्यमा चुराबहादुर गोदार, चिरञ्जीवी पोखरेल, दामोदर घिमिरे, त्रिरत्नलाल शाक्य, उमानाथ आत्रेय, डेन्जिङ रायमाझी रहेका छन् ।

अधिवक्ता विनोद कार्की संयोजक रहेको निर्वाचन उपसमिति गठन गरिएको छ । सदस्यमा नारायण ज्ञवाली, जोगबहादुर विक, जीतबहादुर लामिछाने, शालिकराम घिमिरे, टंक पन्त, सन्तोष खनाल, तिलक सापकोटा रहेका छन् । कलाकार हुम गैरेको संयोजकत्वमा साँस्कृतिक उपसमिति गठन गरिएको छ । एमाले निकट साँस्कृति महासंघ पाल्पाका पदाधिकारी र सदस्य यसको सदस्य रहने महासंघका अध्यक्ष रुपेश कार्कीले बताए । भुवन रामलाल श्रेष्ठको संयोजकत्वमा स्वास्थ्य उपसमिति गठन गरिएको छ । अध्यक्ष मण्डलको जिम्मेवारी एमाले पोलिटब्यूरो सदस्य तथा पाल्पा जिल्ला इन्चार्ज बैजनाथ चौधरीलाई दिइएको छ । तानसेनको बतासेस्थित श्रीनगर साँस्कृतिक डबलीमा अधवेशनको उद्घाटनशत्र हुने छ । बन्दशत्र तानसेन नगरपालिकाको सभाहलमा हुने छ । अधिवेशनमा करिब ४ सय ६० प्रतिनिधि सहभागी हुने छन् । पाल्पामा करिब ८ हजार एमालेका सदस्य रहेका छन् । ८१ वटै वडाबाट प्रतिनिधि छनोट प्रक्रियाका लागि निर्वाचन हुनेछ । २० सदस्य संख्या बराबर १ जना प्रतिनिधि छनोट हुनेछन् । तीन जना प्रतिनिधि छनोट हुँदा एक जना महिला अनिवार्य हुनुपर्ने छ । एक वडा एक युवा प्रतिनिधि छनोट हुनुपर्नेछ । पालिकालाई इकाइ मानेर १२ दलित समुदायका सदस्य संख्या बराबर १ दलित प्रतिनिधि छनोट गर्नुपर्ने हुन्छ । बैठकमा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले सर्वसम्मतीबाट नै नेतृत्व चयन गर्न सुझाव दिए ।

पोलिटब्यूरो सदस्य तथा पाल्पा जिल्ला इन्चार्ज बैजनाथ चौधरीले उच्च समझदारी र अनुशासन रहेर जिल्ला अधिवेशन सम्पन्न गर्नुपर्ने बताए । पोलिटब्यूरो सदस्य तथा पाल्पा क्षेत्र नम्बर २ का सांसद ठाकुर प्रसाद गैरेले पाल्पामा एमाले थप बलियो बनाउने गरी अधिवेशन सम्पन्न गर्नुपर्ने बताए । एमाले लुम्बिनी प्रदेश कमिटीका अध्यक्ष राधाकृष्ण कडेलले विधिविधानको पालना गरेर नेतृत्व चयन गर्न आग्रह गरे । केन्द्रीय सदस्य सिर्जना काफ्लेले पार्टीलाई थप मजवुत बनाउने सन्देश दिने गरी अधिवेशनको तयारीमा जुट्न अनुरोध गरिन । अध्यक्ष धनेन्द्रराज घिमिरेको अध्यक्षता, उपाध्यक्ष देवीलाल लामिछानेको स्वागत, सचिव रामजी पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### नेपालको रोमाञ्चक जित



**काठमाडौं,** वैशाख १४/कप्तान रोहित पौडेलको शतकमा नेपालले पहिलो टी २० खेलमा वेष्ट इण्डिज ए लाई ४ विकेटले हराएको छ । २०५ रनको लक्ष्य पछ्याएको नेपालले १९.४ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो । रोहित पौडेल ५४ बलमा १० चौका र ६ छक्कासहित ११२ रनको शतकीय इनिङ खेले । नेपाललाई ८ बलमा १३ रन चाहिँदा रोहित म्याथ्यु फर्डको बलमा विकेटकिपर आन्द्रे फ्लेचरबाट क्याच आउट हुन पुगेका थिए ।

२७ बलमा अर्धशतक पूरा गरेका रोहितले ४७ बलमा शतक हानेका थिए । उनको यो टी-२० करिअरको पहिलो शतक थियो । नेपाललाई अन्तिम ६ बलमा जित्नलाई ९ रन चाहिएको थियो । सुरुवाती दुई बलमा ओशान थोमसले प्रतिश जिसी र गुल्सन झालाई एक/एक रन दिएका थिए । तेस्रो बलमा गुल्सनले लङअफमा चौका हानेपछि ३ बलमा ३ रन चाहिएको थियो । उनले नै अर्को बलमा चौका हान्दै खेल जिताए । गुल्सन ९ र प्रतिश ५ रनमा नटआउट रहे । खेल जिताएपछि गुल्सनलाई बोकेर खुशी मनाउँदै प्रतिश जिसी । ओपनर अनिल शाह ५, कुशल मल्ल र कुशल भुर्तेल १६-१६ रनमा आउट भए । दीपेन्द्रसिंह ऐरी १८ बलमा २ चौका र १ छक्कासहित २४ र विवेक यादव ७ रनमा आउट भए । वेष्ट इण्डिजका ओबेद म्याककोयले ४ ओभरमा ३४ रन खर्चेर २ विकेट लिए । म्याथ्यु फर्ड २ र किमो पलले १ विकेट लिए । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको वेष्ट इण्डिज ए ले २० ओभरमा ५ विकेट गुमाउँदै २०४ रन बनाएको थियो । वेष्ट इण्डिज ए का कप्तान रोस्टन चेसले ४६ बलमा ९ चौका र २ छक्कासहित सर्वाधिक ७४ रनको इनिङ खेले । ओपनर एलिक एथानाजे २५ बलमा ५ चौका र ३ छक्कासहित ४७, जोनसन चार्ल्स शून्य, आन्द्रे फ्लेचर १३ रनमा आउट भए । केसी कार्टी २६ बलमा २ चौका र ३ छक्कासहित ३८ रन बनाएर आउट भए । कदिम एलियन १५ बला २ चौकासहित १४ रनमा नट आउट रहे । नेपालका कमलसिंह ऐरी, दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल र अभिनाश बोहराले १-१ विकेट लिए । नेपाल र वेष्टइण्डिज ए बीचको दोस्रो टी-२० खेल आइतबार (आज) हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नि:शुल्क वाईफाईबाट बैंकिङ कारोबार नगर्न राष्ट्र बैंकको आग्रह




**पाल्पा,** वैशाख १५/ पछिल्लो ससमय इन्टरनेट प्रयोगबाट वित्तिय कारोबार असुरक्षित बन्दै गएपछि राष्ट्र बैंकले त्यसतर्फ सचेत हुन सबैमा अनुरोध गरेको छ । उसले निःशुल्क अर्थात् फ्रि-चल्ने वाईफाईबाट बैंकिङ कारोबार सुरक्षित नहुने भन्दै त्यसबाट कारोबार गर्दा सचेत हुन आग्रह गरेको हो ।

बैंकले पैसा भुक्तानी गर्दा वा पैसा लिँदा निःशुल्क चल्ने वाईफाईबाट असुरक्षित हुने भएकाले वित्तीय कारोबार गर्दा संस्थागत वा व्यक्तिगत दर्ता भएका सुरक्षित इन्टरनेट प्रयोग गर्नुपर्ने बताएको छ । सार्वजनिक ठाउँमा चल्ने इन्टरनेटको माध्यमबाट डिजिटल रुपमा वित्तीय कारोबार गर्दा अरुले ओटीपी, पासवर्ड, बैंक अकाउन्ट नम्बर, पिन कोड, रिसिभिङ टोकन जस्ता विवरण प्राप्त गर्ने सक्ने जोखिम हुन सक्नेतर्फ सचेत राष्ट्र बैंकले सचेत गराएको छ । कुनै सार्वजनिक वाईफाईसँग जोडिदा आफ्नो मोबाइल, ल्यापटप, कम्प्युटर, ट्याबलेट आदिको फाइल शेयरिङ अप्सन बन्द गर्नसमेत राष्ट्र बैंकको आग्रह छ ।

पुराना तथा म्याद गुज्रिएका उपकरणहरु जोखिमयुक्त हुनसक्ने भएकाले त्यस्ता उपकरणमा सार्वजनिक वाईफाई नचलाउन समेत राष्ट्र बैंकले भनेको छ । शपिङ मल, होटेल, एयरपोर्ट, रेस्टुरेन्ट, कफी शप, सार्वजनिक यातायात आदि ठाउँमा हुने आधिकारिक वाईफाईको नाम पहिचान गरी वाईफाईसँग दिइएको पासवर्ड प्रयोग गरेर मात्र इन्टरनेट चलाउन राष्ट्र बैंकले सबैमा अनुरोध गरेको छ । विभिन्न ह्याकरहरुले पनि उस्तै देखिने फ्री पब्लिक वाईफाई बनाउन सक्ने पनि बैंकले जनाएको छ ।

# 'जनजिविकाका सवालमा...

...तानसेनस्थित विपि स्मृति भवनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी भित्तेपात्रो विमोचन गरिएको हो ।

नेपाली काँग्रेसका पुर्व केन्द्रीय सदस्य राजन प्रसाद पन्त,नेपाली काँग्रेस पाल्पाका सभापति हिमाल दत्त श्रेष्ठ, उपसभापति झपेन्द्र गैरे, सचिव सुनिता अधिकारी, सन्तोष कुमार थापा मगर, क्षेत्र नं १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, जिल्ला सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्रीय पदाधिकारी, प्रदेशका सभापति एवं पदाधिकारी, पालिका सभापतिहरूले संयुक्त रुपमा भित्तेपात्रो बिमोचन गरेको पाटी सचिवालयले जनाएको छ । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सुनिता अधिकारकिो सञ्चालनमा कार्यक्रम भएको थियो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई